नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय गौचरको

पुनः सिलबन्दी बोलपत्र आव्हानको सूचना
(प्रथम पटक प्रकाशित मिति २०७९।०६।१२)
(सूचना प्रकाशित मिति २०७९।०८।१५)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थानतर्फको पहिलो तल्लाको १७.०० वर्गमीटर क्षेत्रफलमा Tea, Coffee Stall सञ्चालन गर्न ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीहरुबाट नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०७८ मा व्यवस्था भए वमोजिम हिमालय टाईम्स राष्ट्रिय दैनिकमा ३० (तीस) दिनको म्याद दिई मिति २०७९।०६।१२ गते बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोमा तोकिएको मिति र समयावधिभित्र कुनै पनि बोलपत्र खरिद नभएकोले पुनः बोलपत्र आव्हान गरिएको छ ।

मिति २०७९।०६।१२ गते प्रकाशित सिलबन्दी बोलपत्रको सूचनामा उल्लिखित बोलपत्रका शर्तहरु यथावत कायम हुने गरी सूचना प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र बोलपत्र खरिद गर्ने, ३१औं दिनको १२:०० बजे भित्र दर्ता गर्ने र सोही दिन दिनको १४:०० बजे बोलपत्र फाराम खोलिनेछ । बोलपत्र फाराम खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण
२०५५
CIVIL AVIATION AUTHORITY OF NEPAL
1998